मैवाखोला गाउँपालिका

# मैवाखोला राजपत्र

## मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्डः (३) साँघु, ताप्लेजुङ, चैत्र महिना ८ गते २०८१ साल (संख्या ५)

भाग -२

मैवाखोला गाउँपालिका

मैवाखोला गाउँ कार्यपालिकाबाट जारी फुसको छाना विस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत भई सर्वसाधारणको लागि जानकारीको लागि मैवाखोला राजपत्रमा प्रकाशन गरिएको छ ।

आज्ञाले,

लक्ष्मीमाया गोम्देन

नि. प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/०३**

# मैवाखोला गाउँपालिकाको फुसको छाना विस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हकको रुपमा रहेको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम मैवाखोला गाउँपालिकाभित्र रहेका आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिक, उत्पीडित तथा पिछडिएका नागरिक र आर्थिक रुपले विपन्न घर परिवारलाई सामाजिक न्याय तथा सुरक्षाको लागि गाउँपालिका भित्र फुसको छानो विस्थापन गर्ने मुल उद्देश्यका साथ गाउँपालिकाले फुसको छानो विस्थापन गर्न जस्तापाता वितरण गर्ने कार्यक्रम राखेको छ । मैवाखोला गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउन तथा विपन्न नागरिकलाई जस्तापाता वितरण कार्यक्रम सञ्चालन मार्फत सुरक्षित गरी गाउँपालिकालाई समावेशी तथा समुन्नत बनाउँदै जाने उद्देश्य गाउँपालिकाको रहेको छ । गरिव, असहाय, विस्थापित, द्वन्द पीडित, एकल महिला, विपत् बाट विस्थापित नागरिकको आवश्यक सुरक्षित घर नभएको र भएको घर पनि फुसको छानोले छाएको हुदाँ त्यस्ता नागरिकको पिडालाई संबोधन गर्दै समुदाय केन्द्रीत सामाजिक न्याय तथा सुरक्षाको कार्यक्रम रहेको जस्तापाता वितरण कार्यक्रमलाई वैज्ञानिक मापदण्ड र कार्यविधि बनाई कार्यान्वयन गर्दा अझ बढी प्रभावकारी हुने देखी स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी मैवाखोला गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भिकः** (१) यो कार्यविधिको नाम "मैवाखोला गाउँपालिकाको फुसको छाना विस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैको संरक्षण नभएका र आम्दानीको कुनै स्थायी स्रोत नभएको व्यक्ति वा परिवार सम्झनु पर्नेछ ।

(ग) "उपाध्यक्ष" भन्नाले मैवाखोला गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले गाउँपालिका अन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र, विषयगत शाखा वा निकाय समेतलाई बुझाउने छ ।

(च) "गरिव" भन्नाले दैनिक जिविकोपार्जन गर्नका लागि कुनै आम्दानीको स्रोत नभएको, बेरोजगार व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(छ) "जस्तापाता" भन्नाले गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अन्तर्गत रही खरिद गरेको जस्तापाता र प्लेन सिट समेतलाई जनाउँछ ।

(ज) "द्वन्द्व पीडित" भन्नाले विभिन्न समयमा भएका द्वन्द्वले घरबार विहिन भई हाल सामान्य फुसको छाना भएको आवासमा बसोवास गर्ने व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

(झ) "प्रकोप पीडित" भन्नाले बाढी पहिरो, भूकम्प, आगोलागी जस्ता विपदबाट विस्थापित भई आफ्नो मौलिक थातथलो छोडी अस्थायी फुसको छानो वा यस्तै प्रकारको सामग्रीले घर बनाई बसेको व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मैवाखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ट) "लाभको पद" भन्नाले कुनै सरकारी वा संगठित गैरसरकारी निकायमा कामकाज गरी तलब सुविधा लिएको व्यक्ति वा त्यस्तो निकायको निर्णय गर्ने तहमा रहेको व्यक्ति सम्झनु पर्दछ ।

(ठ) "लाभग्राही" भन्नाले मैवाखोला गाउँपालिकाबाट जस्तापाता प्राप्त गर्ने गाउँपालिका भित्र स्थायी बसोबास भएका गरिब, असहाय, विस्थापित, द्वन्द्व पीडित आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि परेका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(ड) "वडा अध्यक्ष" भन्नाले मैवाखोला गाउँपालिकाको वडाको अध्यक्षलाई सम्झनु पर्दछ ।

**३. गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्ने:** (१) गाउँपालिका भित्र फुसको छाना विस्थापन गर्न गाउँपालिकाले वार्षिक कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सक्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) अनुसारको कार्यक्रम देहायको व्यवस्था बमोजिम सञ्चालन गर्न सक्नेछः

(क) गाउँपालिकाको नियमित बजेटबाट विनियोजन गरेर,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने बिशेष अनुदानको कार्यक्रममा प्रस्ताव गरेर

(ग) गाउँपालिकाबाट विशेष वर्गको लागि सञ्चालन हुने लक्षित कार्यक्रममा व्यवस्था गरेर,

(घ) गाउँपालिकाबाट गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गरेर,

(ङ) स्थानीय उपभोक्तासँग लागत साझेदारी गरेर,

(३) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वार्षिक खरिद योजना अनुसार गुणस्तरीय जस्तापाता खरिद गरी प्राथमिकताको आधारमा वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले सम्भावित लाभग्राहीले गर्न सक्ने लागत साझेदारी तथा अन्य निकायबाट हुने साझेदारीको आधारमा लाभग्राही समुदायको समूहलाई कार्यक्रममा सहभागिता गराउन सक्नेछ ।

मैवाखोला गाउँपालिका, ताप्लेजुङ

(५) उपदफा (४) बमोजिम कार्यक्रममा सहभागिता जनाउने प्रकृया प्रचलित खरिद कानून अनुसार हुनेछ ।

**४. लाभग्राही छनोट प्रकृया र आधारः** (१) गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्दा लक्षित समुदायको छनोटको प्रक्रिया देहायको आधारमा गर्नु पर्नेछ ।

(क) बजेटको सुनिश्चित भएपछि सार्वजनिक रुपमा गाउँपालिकाबाट कम्तिमा १५ दिनको सूचना जारी गर्ने,

(ख) लाभग्राहीले सूचना बमोजिम तोकिएको ढाँचामा सम्बन्धित वडामा निवेदन दिनुपर्नेछ ।

(ग) वडामा प्राप्त आवेदनहरूमा दफा १० बमोजिमको समितिले लाभग्राहीहरूको प्राथमिकीकरण गर्ने र सम्बन्धित वडाको प्राविधिक कर्मचारी मार्फत स्थलगत अध्ययन गरी लागत अनुमान, वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिसमा दफा (९) अनुसारको समितिले देहायका आधारमा लाभग्राहीहरुको प्राथमिकीकरण गरी छनौट गर्नु पर्नेछ ।

(क) प्राकृतिक तथा अन्य विपद्ले घरबार विहिन भएको व्यक्ति वा परिवार,

(ख) गाउँपालिकाभित्र अपाङ्ग घरमूली भएको व्यक्ति वा परिवार,

(ग) गाउँपालिका भित्र पहिचान भएका विपन्न, गरिव घर तथा परिवार,

(घ) परिवारमा संरक्षक नभएको असहाय, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका भएको परिवार,

(ङ) गाउँपालिका भित्र स्थायी बसोबास भएका एकल महिला भएको घर तथा परिवार,

(च) आर्थिक, सामाजिक र साँस्कृतिक पक्षबाट पछाडि परेका दलित, आदिवासी जनजाति तथा अल्पसंख्यक समुदाय र

(छ) गाउँपालिकाभित्र फुस तथा अन्य अन्य यस्तै सामग्रीले छाना निर्माण गरी बसेको घर तथा परिवार,

(३) कार्यालयले उपदफा (१) बमोजिमको प्राथमिकताको आधारमा क्रमश गाउँपालिका भित्रका लाभग्राहीलाई जस्तापाता वितरणको व्यवस्था गर्नु पर्नेछ ।

**५. लाभग्राही समूहमा सहभागी हुन नसक्नेः** गाउँपालिकाकाले वितरण गर्ने जस्तापाता तथा फुसको छाना विस्थापन कार्यक्रममा देहायका व्यक्ति वा परिवार लाभग्राही समूहमा सहभागी हुन सक्ने छैन्नः

(क) गाउँपालिकाभित्र एक भन्दा बढि घर रहेको र कम्तिमा एक घर फुसको छाना विस्थापन भएको परिवार,

(ख) घर फुसले र गोठ तथा भण्डारण घर जस्तापाता वा ढुङ्गाले छाएका परिवार,

(ग) जस्तापाता पाउन तथा लाभग्राही समूहमा सहभागिता जनाउन छुट्टीएको व्यक्ति वा परिवार,

(घ) लाभको पद लिएका (सरकारी वा गैर सरकारी संघ संस्थामा) व्यक्ति वा परिवार,



मेवाखोला गाउँपालिका, ताप्लेजुङ

(ङ) एक भन्दा बढी घर जिल्ला भित्र वा बाहिर समेत भएका व्यक्ति तथा परिवार,

(च) गाउँपालिकाभित्र कम्तिमा एक घर पक्कि घर भएको व्यक्ति तथा परिवार,

(छ) वडा कार्यालयबाट लाभग्राहीको रूपमा सिफारिस नभएको घर तथा परिवार ।

(ज) अन्य पालिकाबाट वा अन्य ठाउँबाट आई अरुको घरमा रुँगालो बसेका घर परिवार ।

**६. वडा कार्यालयले विवरण तयार गर्नुपर्नेः** (१) प्रत्येक वडा कार्यालयले दफा ४ बमोजिमको सूचनाको आधारमा आफ्नो वडा भित्रका लाभग्राहीको विवरण तयार गरी दफा १० अनुसारको समितिमा पेश गर्नु पर्नेछ ।

**७. लाभग्राहीले जस्तापाता प्राप्त गर्ने तथा कार्यक्रममा सहभागिता जनाउन सक्नेः** (१) दफा १० बमोजिमको समितिबाट प्राथमिकताको आधारमा प्राप्त सूचि बमोजिम गाउँपालिकाले एकीकृत विवरण तयार गरी तोकिएको परिमाण र गुणस्तरको जस्तापाता वडा कार्यालय मार्फत वितरण गर्नेछ ।

(२) लाभग्राहीले वडा कार्यालय मार्फत जस्तापाता प्राप्त गर्न फुसको छाना वा यस्तै सामग्रीले निर्माण भएको घरको छानाको फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेश गर्नु पर्नेछ ।

(३) कार्यक्रममा सहभागिता हुने लाभग्राहीको प्राथमिकता यसै कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम जस्तापाता प्राप्त गर्ने घर तथा परिवारले अनुसूची-१ मा तोकिएको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ ।

(५) लागत साझेदारी वा लाभग्राही उपभोक्ताको समूहबाट कार्यक्रममा सहभागी हुने समूदायलाई तोकिएको खरिद प्रकृया अनुसार लागत इस्टिमेट गरी सम्झौताको आधारमा कार्यक्रममा सहभागिता गराइनेछ ।

(६) गाउँपालिकाबाट वितरण हुने जस्तापाताको ढुवानी कार्यालयले वडा कार्यालयसम्म गर्नेछ ।

(७) वडा कार्यालयबाट लाभग्राहीको घरसम्म जस्तापाता स्वयम् लाभग्राहीले पुर्याउनु पर्नेछ ।

तर अति विपन्न ज्येष्ठ नागरिक तथा अपाङ्ग घर परिवारलाई कार्यालयले चलेको दरमा ढुवानी भाडा उपलब्ध गराउन सक्नेछ ।

(८) कार्यालयबाट प्राप्त गर्ने जस्तापाता र जस्तापातामा प्रयोग हुने काँटी बाहेक छाना छाउन आवश्यक अन्य किला, काँटी, काठ र आवश्यक अन्य सामग्री लाभग्राही स्वयमले व्यवस्था गर्नुपर्नेछ । तर अति विपन्न ज्येष्ठ नागरिक तथा अपाङ्ग घर परिवार तथा असहाय महिला घर परिवारलाई कार्यालयले लागत अनुमानको आवश्यक सागग्री उपलब्ध गराउन सक्नेछ ।

(९) कवुलियतनामामा उल्लिखित समयभित्र कार्य सम्पन्न गर्न नसक्ने लाभग्राहीले उचित कारण भएमा वडा कार्यालय मार्फत गाउँपालिकामा लिखित रुपमा निवेदन दिनुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पेश गरेको निवेदन औचित्यपूर्ण भएमा वडा कार्यालयमार्फत कार्यालयले एक पटकलाई बढीमा १ महिना कार्य सम्पन्नका लागि समय थप गर्न सक्नेछ ।

(११) कबुलियतनामामा तोकिएको समयसीमा तथा थप भएको समय भित्र कार्यसम्पन्न नगर्ने लाभग्राहीबाट वितरण भएको जस्तापाता कार्यालयले वडा कार्यालयमार्फत फिर्ता लिनेछ ।

(१२) कार्यालयबाट प्राप्त जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी स्वयम लाभग्राही व्यक्तिको हुनेछ ।

**८. अनाधिकृत प्राप्त गर्न तथा दुरुपयोग गर्न नहुने:** (१) लाभग्राहीले कार्यालयबाट प्राप्त जस्तापाता अनाधिकृत रूपमा प्रयोग गरेमा, बेचविखन गरेमा त्यस्ता लाभग्राहीलाई गाउँपालिकाबाट सञ्चालन हुने यस्तै प्रकृतिका सामाजिक सुरक्षाको कार्यक्रममा सहभागिता गराइने छैन।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाबाट प्राप्त गरेको जस्तापात अनाधिकृत प्रयोग तथा बेचविखन गरेमा त्यस्तो जस्तापाता खरिद मूल्य बराबरको रकम गाउँपालिकाले सरकारी बाँकी सरह असूलउपर गर्नेछ।

**९. गाउँपालिकास्तरीय निर्देशक समिति रहने:** (१) गाउँपालिकाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकिरण गर्न तथा जस्तापाता वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छः

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्षः | संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्षः | सदस्य |
| (ग) कार्यपालिकाले तोकेको दुईजना कार्यपालिका सदस्यः | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (ङ) पूर्वाधार शाखा प्रमुखः | सदस्य |
| (च) योजना शाखा प्रमुखः | सदस्य सचिव |

(२) संयोजकले आवश्यकता अनुसार साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा शाखा प्रमुखलाई समितिमा आमन्त्रण गर्न सक्नेछ,

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) कार्यक्रम सञ्चालनमा स्रोतको खोजी गर्ने तथा साझेदारीको ढाँचा पहिचान गर्ने,

(ग) कार्यक्रमबाट लाभ प्राप्त गर्ने सेवाग्राहीको प्राथमिकीरण गर्न सहयोग गर्ने,

**१०. वडास्तरीय सहजीकरण तथा अनुमगमन समितिः** (१) वडाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकीकरण गर्न तथा जस्तापाता वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको वडास्तरीय सहजीकरण तथा अनुगमन समिति रहनेछः

| | |
|---|---|
| (क) वडा अध्यक्षः | संयोजक |
| (ख) वडा समितिका सवै सदस्य | सदस्य |

(ग) वडा सचिव सदस्य

(घ) वडामा रहेको वा वडाको जिम्मेवारी भएको प्राविधिक कर्मचारीः सदस्य सचिव

(२) संयोजकले आवश्यकता अनुसार वडामा साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा अन्य कर्मचारीलाई समितिमा आमन्त्रण गर्न सक्नेछ,

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) वडामा कार्यक्रम सञ्चालनका लागि साझेदारको पहिचान गर्ने,

(ग) वडाभित्र रहेकाको लाभग्राही प्राथमिकिरण गर्ने,

(घ) वडाभित्र रहेका लाभग्राहीको प्राथमिकताको आधारमा जस्तापाता प्राप्त गर्न गाउँपालिकामा सिफारिश गर्ने

(ङ) आवश्यकता अनुसार गाउँपालिकाबाट प्राप्त जस्तापाता वडामा वितरण गर्न सहजीकरण गर्ने,

(च) वडामा वितरण भएको जस्तापाताको लाभग्राही तथा परिमाणको विवरण राख्ने,

(छ) वितरण भएको जस्तापाताको प्रतिवेदन गाउँपालिकामा नियमित रूपमा पेश गर्ने,

(ज) वितरण हुने जस्तापाताको दुरूपयोग रोक्ने तथा प्रभावकारी रूपमा कार्यक्रमको सञ्चालन गर्न सहजीकरण तथा अनुगमन गर्ने,

(झ) जस्तापाता वितरण पश्चात अनुगमन तथा मूल्याङ्कन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

११. विपद्को समयमा अन्य कोषबाट रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेः गाउँपालिकामा हुने कुनै प्रकृतिक विपद्को समयमा विपद् पिडित समूदायलाई तत्काल राहत उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिकमा रहेको अन्य राहतकोषको रकमबाट जस्ता खरिद गरी यस कार्यविधिको प्राथमिकता र मापदण्डको आधारमा वितरण गर्न सकिनेछ ।

१२. एकीकृत अभिलेख तयार गरी सार्वजनिक गर्नुपर्नेः गाउँपालिकाबाट वितरण भएको जस्तापाता तथा कार्यक्रममा सहभागी भई जस्तापाता प्राप्त गर्ने लाभग्राहीको विवरण अनुसूचि २ अनुसार गाउँपालिकाले वार्षिक रूपमा तयार गर्नुपर्नेछ ।

१३. यसै कार्यविधि बमोजिम गरेको मानिनेः विगतमा फुसको छानो विस्थापन कार्यक्रम अन्तर्गत खरिद गरी वितरण गरिएको जस्तापाता यसै कार्यविधि बमोजिम गरेको मानिने छ ।

१४. थपघट र हेरफेरः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संसोधन वा हेरफेर गर्न सक्नेछ ।

मेरिङदेन गाउँपालिका, ताप्लेजुङ

अनुसूची-१

(दफा ७ (४) संग सम्बन्धित)

कबुलियतनामा

मैवाखोला गाउँपालिका, वडा कार्यालय, वडा नं..... (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र मैवाखोला गाउँपालिका, वडा नं..... टोल/बस्ती/गाउँ.. वस्ने श्री (जसलाई यस पछि दोखो पक्ष भनिनेछ) दुवै बीच निम्न शर्तहरुको पूर्ण पालन गर्ने गरी दुवै पक्ष मन्जुर भई यो कबुलियतनामा पत्रमा सही गरी दियौं, लियौ।

(क) पहिलो पक्षले दोस्रो पक्षलाई प्राविधिक लागत अनुमान बमोजिमको जस्तापाता र प्लेनसिट उपलब्ध गराउने छ।

(ख) दोस्रो पक्षले वडा कार्यालयमा खर तथा यस्तै सामग्रीले बनेको घरको छानाको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि निवेदन दिनु पर्नेछ।

(ग) पहिलो पक्षले दोस्रो पक्षको लागि एक घरको लागिमात्र जस्तापाता उपलब्ध गराउने छ । यदी कुनै जालसाझी गरी एकै परिवारका फरक व्यक्तिले जस्तापाता लगेर घर छाइएको पाइएमा त्यस्ता व्यक्तिले आफ्नै खर्चमा प्राप्त गरेको जस्तापाता वडा कार्यालयमा फिर्ता गर्नुपर्नेछ।

(घ) पहिलो पक्षबाट उपलब्ध गराइएको जस्तापातको प्रयोग गरी घर छाउने काम दोस्रो पक्षबाट प्राप्त गरेको मिति बाट २ महिनाको हुनेछ।

(ङ) प्राप्त गरेको २ महिना तथा कार्यालयले थप गरेको समयसिमामा काम सम्पन्न गर्न नसकेमा दोस्रो पक्षले स्वयम ढुवानी भाडा व्यहोरी जस्तापाता वडा कार्यालयमा फिर्ता गर्नु पर्नेछ। यसरी फिर्ता भए पश्चात पहिलो पक्षबाट दोस्रो पक्षलाई पुनः जस्तापाता उपलब्ध गराइने छैन ।

(च) गाउँपालिकाबाट वितरण हुने जस्तापाता वडा कार्यालयसम्म ढुवानी गर्ने जिम्मेवारी पहिलो पक्षको हुनेछ।

(छ) वडा कार्यालयबाट दोस्रो पक्षले घरसम्म जस्तापाता स्वयमं ढुवानी गर्नु पर्नेछ।

(ज) कार्यालयबाट प्राप्त गर्ने जस्तापाता बाहेक छाना छाउन आवश्यक अन्य सामग्री, किला, काँटी, काठ र आवश्यक अन्य सामग्री दोस्रो पक्ष स्वयम्ले व्यवस्था गर्नुपर्नेछ।

(झ) उल्लिखित समयभित्र कार्य सम्पन्न गर्न नसक्ने दोस्रो पक्षले उचित कारण भएमा वडा कार्यालय मार्फत गाउँपालिकामा लिखित रुपमा निवेदन दिनुपर्नेछ।

(ञ) पहिलो पक्षबाट प्राप्त जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी स्वयम दोस्रो पक्षको हुनेछ।

मैवाखोला गाउँपालिका, ताप्लेजुङ

**उल्लिखित बमोजिम गर्न गराउन हामी दुवै पक्ष मञ्जुर छौं ।**

**बुझिलिने घरमूली तथा व्यक्तिको**

नामः

हस्ताक्षरः

**बुझाउने वडा कार्यालयको प्रतिनिधिको**

नामः

हस्ताक्षर तथा छाप

मैवाखोला गाँउपालिका, ताप्लेजुङ

अनुसूचि-२

जस्तापाता वितरण सम्बन्धी अभिलेख फारम

वडा नं. ......... आर्थिक वर्ष २०....../......

| क्र.सं. | मिति | लाभग्राहीको नाम | घरको आकार (वर्ग फिट) | प्रदान गरिने जस्तापाता (वन्डल वा संख्या) | प्रदान गरिने जस्तापाताको वर्ग | प्लेनसिटको संख्या र वर्ग फिट | थप सामग्री भए सोको परिमाण | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आज्ञाले,

लक्ष्मीमाया गोम्देन

नि. प्रमुख प्रशासकीयअधिकृत